नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**शिक्षा विकास तथा समन्वय इकाइ**
सिमकोट, हुम्ला

फोन नं ०८७-६८०००५
Email: deohumla@gmail.com
Website: humla.edcu.gov.np

पत्र संख्या: २०७९।०८० चलानी नं. मितिः २०७९।१२।२४

विषयः विषय विशेषज्ञको लागि निवेदन आह्वान सम्बन्धी सूचना ।

श्री आधारभूत र माध्यमिक तहमा कार्यरत इच्छुक स्थायी शिक्षकहरु
हुम्ला ।

प्रस्तुत विषयमा यस जिल्लाका विभिन्न सामुदायिक विद्यालयहरुमा रिक्त हुन गएका स्वीकृत स्थायी दरबन्दि, राहत अनुदान कोटा र शिक्षण सिकाइ अनुदान कोटामा करार प्रकृतिका शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि विषय विशेषज्ञहरुको सूचि तयार गर्नुपर्ने भएकोले स्थायी सेवा अवधि ३ वर्ष पुगेका इच्छुक शिक्षकहरुमध्येबाट विषयविज्ञमा सूचिकृत हुनका लागि तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित मिति २०७९।१२।२४ गतेदेखि मिति २०७९।१२।३० गतेभित्र शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रममा आधारित रही सम्बन्धित तहको लागि २/२ प्रति प्रश्नपत्र सेट संलग्न गरी सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यस इकाइको मिति २०७९।१२।२४ को निर्णयानुसार अनुरोध छ।

२०७९।१२।२४
(तिलक प्रसाद भट्टराई)
निमित्त इकाई प्रमुख

तपसिलः

१. सक्कलै निवेदन,
२. अध्यापनरत विद्यालयको पत्र १ प्रति,
३. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति,
४. स्थायी नियुक्तिको पत्रको प्रतिलिपि १ प्रति,
५. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति,
६. शैक्षिक योग्यताका सम्पूर्ण प्रमाण पत्रहरुको प्रतिलिपि १/१ प्रति ।

बोधार्थः

श्री शिक्षा, युवा तथा खेलकुद शाखा ७ (सात) वटै, हुम्ला। (शिक्षकहरुको निवेदन सहित आवश्यक कागजातहरु संकलन गरी एकमुष्ट इकाइमा सम्प्रेषण गरिदिनुहुन)

Scanned with CamScanner